लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

नेपालगंज, बाँके

पत्र संख्या: २०८३/८४
चलानी नं.:

## सेवाकालीन तालिम प्रशिक्षार्थी मनोनयन फाराम भर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३।०४।२२)

यस प्रतिष्ठानको चालु आ.व. ०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशभित्रका प्रदेश र स्थानीय तहमा कार्यरत सहायकस्तर चौथो, पाँचौ तह, अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीहरूको लागि ३० कार्यदिने सेवाकालीन तालिम संचालन गर्नका लागि तपशिल बमोजिमको आवश्यक कागजपत्र सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र फारम भर्ने अन्तिम दिनसम्म हाल बहाल रहेको पदमा न्युनतम २ वर्ष सेवा अवधि पुरा भएका इच्छुक स्थायी कर्मचारीहरूले प्रतिष्ठानको तालिम व्यवस्थापन सुचना प्रणालीको वेवसाईट **tmis.pcgg.lumbini.gov.np** मा अनलाइन प्रशिक्षार्थी मनोनयनमा गई फाराम भरी submit गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजात:**

१. कार्यालय प्रमुखबाट प्रमाणित मनोनयन फारम     २. कार्यालयको सिफारिस पत्र

३. हालको पदमा नियुक्ति/ बढुवा/स्तरवृद्धि भएको पत्र

**आवश्यक योग्यता तथा सर्त :**

१. आवेदकले सम्बन्धित सेवा/समुहमा २ बर्ष सेवा अवधि पुरा गरेको तथा अन्य प्रशिक्षण प्रदायक संस्थाबाट यसै प्रकृतिको तालिम नलिएको हुनु पर्नेछ।

२. फारम भर्ने अन्तिम दिनको कार्यालय समयभित्र आवेदन पेश भएको हुनुपर्नेछ।

३. रितपुर्वक प्राप्त नभएका आवेदनलाई रद्द गर्ने अधिकार प्रतिष्ठानमा हुनेछ।

४. सेवाकालीन तालिममा छनोट भएका प्रशिक्षार्थी कर्मचारीहरुको नामावली र तालिम संचालन हुने मिति पछि प्रकाशित गरी जानकारी गराईनेछ ।

५. प्रशिक्षार्थीले अनलाइन आवेदनमा चाहिने मनोनयन फारम **tmis.pcgg.lumbini.gov.np** मा गई *अनलाइन प्रशिक्षार्थी मनोनयन* भित्र *आवेदन दिनुस्* मा गएर सुरुमा नै रहेको *प्रशिक्षार्थी मनोनयन फारम डाउनलोड गर्नुस्* मा click गरेर डाउनलोड गर्न सकिने छ।

**आवेदन भर्ने तरिका:**

- **https://tmis.pcgg.lumbini.gov.np/** लिंक खोल्ने
- *अनलाइन प्रशिक्षार्थी मनोनयन* मा जाने र *आवेदन दिनुहोस्* मा Click गर्ने
- त्यसपश्चात तोकिएका विवरण भर्ने र उल्लेखित कागजातहरु अपलोड गरी अन्त्यमा *आवेदन पेश गर्नुस्* मा **click** गर्ने

**थप जानकारीका लागि:**

कम्प्युटर अपरेटर श्री इन्दु के. सी. सम्पर्क नं ९८५१३६०६३९
सहायक कम्प्युटर अपरेटर श्री लेखनाथ पाण्डे सम्पर्क नं ९८५८०७२९७५

(उजीर प्रसाद म्यौपाने)
उपसचिव